OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ११
भाद्र २८, २०७२

'ओपन माईक नेपाल' बुलेटिनको एघारौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम रस्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

## सवाल



### भिमेश्वर, दोलखा

"अहिले सेतो पुतलीको प्रकोप बढेको छ रे। सेतो पुतली आँखाँमा पऱ्यो भने आँखा बन्द हुन्छ भन्छन्।"

## जवाफ

सेतो पुतली (moth) आँखाको सम्पर्कमा आएर दृष्टि गुम्ने कुराको भरपर्दो प्रमाण हालसम्म फेला परेको छैन। तर शापु नामको आँखाको रोग देखिएका व्यक्ति संक्रमण हुनुअघि सेतो पुतलीको सम्पर्कमा पुगेको उदाहरण फेला परेका छन्।

शापु रोग आँखाको भित्री भागमा ब्याक्टेरिया, भाइरस, फङ्गाइ, परजिवी आदिको संक्रमणका कारणले लाग्छ।

संक्रमित आँखा अचानक रातो हुने, उज्यालोमा हेर्न गाह्रो हुने, आँखाको नानीमा सेतो धब्बा देखिने, अत्यन्तै छोटो समयमा ज्योति ज्यादै कम हुँदै जाने, दुखाई त्यति धेरै नहुने जस्ता लक्षण यो रोगका बिरामीमा देखिन्छन्। आँखा पाक्ने रोगमा जस्तो कचेरा लाग्ने लक्षण यसमा देखिँदैन।

समयमै उपचार नगरेमा बिरामीको आँखाको भित्री भागमा पिप जमेर आँखाको दृष्टि गुम्न सक्ने हुनाले यो रोगका बिरामीलाई तत्काल स्वास्थ्य संस्थामा लगेर उपचार गराउनुपर्छ। समयमा शल्यक्रिया गरेमा गुमेको दृष्टि पूर्ण वा आंशिक रुपमा फिर्ता हुनसक्छ।

यो रोगका बिरामी सेतो पुतलीको सम्पर्कमा पुगेको पाइएकोले सेतो पुतलीको सम्पर्कबाट वालवालिकालाई टाढा राख्न अनुरोध गरिन्छ। सेतो बत्ती कम प्रयोग गर्ने र झूल हाल्ने जस्ता उपायबाट सेतो पुतलीको सम्पर्कमा पुग्नबाट बच्न सकिन्छ।

डा. अनु मानन्धर
आँखा रोग विशेषज्ञ
तिलगंगा आँखा प्रतिष्ठान
९८०८६३१४९२

डा. आनन्द शर्मा
आँखा रोग विशेषज्ञ
त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल
९८५१०७८६२२

# हल्ला



## खानीगाउँ, नुवाकोट

"यूनिसेफले नुवाकोट जिल्लाभरी जस्तापाता वितरण गर्न लागेको छ रे, हो ?"

# यथार्थ

संयक्त राष्ट्रसंघ वालवालिका कोष (युनिसेफ) ले नुवाकोट लगायत कुनैपनि भूकम्प प्रभावित जिल्लामा भूकम्प पिडितलाई जस्तापाता वितरण गर्ने योजना बनाएको छैन ।

अस्थायी आवासमा सहयोग गर्ने कार्यको समन्वय आवास उपसमितिबाट हुन्छ । युनिसेफ आवास उपसमितिमा छैन ।

भूकम्प-प्रभावित जिल्लामा शिक्षा उपसमिति (Education Cluster) मा रहेर अवरुद्ध शैक्षिक गतिविधिलाई सुचारु गराउनमा युनिसेफले सहयोग गरिरहेको छ । यस अन्तरगत सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरणको काम भइरहेको छ ।

सरकारसँग समन्वय गरेर शिक्षाका अतिरिक्त स्वास्थ्य, वालवालिका सुरक्षा, पौष्टीक आहार लगायतमा पनि युनिसेफले काम गर्छ ।

युनिसेफले भूकम्प-प्रभावित जिल्लामा सुत्केरीका लागि बनाइएको आवास गृहमा पोषणयुक्त खाना तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गरेको छ ।

यस संस्थाले क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको सेवा सुचारु गर्न औषधी लगायतका सामग्री उपलब्ध गराइरहेको छ । साथै स्वास्थ्य चौकीका लागि प्री-फ्याब भवन निर्माण गर्ने कार्यक्रम पनि बनाएको छ ।

रुपा जोशी
सञ्चार अधिकृत
युनिसेफ
९८५१०५४१४०

# सवाल



## गोरखा बजार, गोरखा

"हामी भूकम्प पिडितहरूलाई दिइएको रातो कार्डमा कुनै संस्थाले केहि सामान दियो भने कार्डमा लेख्नुपर्छ भनेर हाम्रो कार्ड माग्छन्। यसरी संस्थाहरूले कार्डमा लेख्दा पछि सरकारले दिने सेवा सुविधाबाट हामी बञ्चित हुन त पर्दैन नी ?"

# जवाफ

भूकम्प पिडित परिवारलाई सहयोग गर्ने निकायले आफूले उपलब्ध गराएको सहयोगको विवरण पिडित परिचय पत्रमा उल्लेख गर्नुपर्छ। यस्तो विवरण राख्दैमा सरकारले दिने सुविधाबाट भूकम्प पिडित परिवार वञ्चित हुनु पर्दैन।

परिचय पत्रमा उल्लिखित विवरणबाट सरकार र सहयोगी संस्थाहरूलाई पिडितले प्राप्त सहयोग बारे जानकारी लिन सजिलो हुन्छ। राहतमा दोहोरोपन आउन नदिन र तथ्याङ्क संकलन गरी राहतका सम्बन्धमा अध्ययन गर्न पनि यसबाट सहयोग पुग्छ।

केहि संस्थाहरूले आफूले उपलब्ध गराएको राहतको विवरण बेग्लै परिचय पत्रमा उल्लेख गर्ने गरेका छन्। यो उनीहरूको आन्तरिक प्रयोजनका लागि हो र यस्तो परिचय पत्र सरकारले दिएको परिचय पत्रको विकल्प होइन। सबै संस्थाहरूले सरकारले उपलब्ध गराएको परिचय पत्रमा पनि आफूले उपलब्ध गराएको सहयोगको विवरण उल्लेख गर्नुपर्छ।

उद्धव प्रसाद तिमल्सिना
प्रमूख जिल्ला अधिकारी
गोरखा
९८५६०५७७७७

# सवाल



## सौरपानी, गोरखा
"अब घर बनाउँदा आरसीसी वाला घरनै बनाउनु पर्छ रे। ढुङ्गा माटोको घर बनाउन पाइँदैन भन्ने हल्ला छ।"

## नौबिसे, धादिङ
"बजारमा त अहिले घर बनाइहालेकाहरुलाई पैसा दिदैन रे भन्ने हल्ला छ।"

## सिमजुङ, गोरखा
"अब कस्तो घर बनाउने भनेर नक्सा आएको छरे। हामीले त्यो नक्सा कहिले र कहाँ हेर्न पाउछौँ ?"

## नामटार, मकवानपूर
"घर बनाउन कसरी बनाउने, पुरानै तरिकाले घर बनाउँदा राज्यले सहयोग नदेला। कुरेर बसौँ, कहिले पुनर्निर्माण प्याकेज आउने हो भन्ने थाहा नहुँदा अन्यौल भएको छ।"

# जवाफ

सरकारको सहयोग प्राप्त गर्नका लागि आरसीसी घर नै बनाउनु पर्छ भन्ने होइन। भवन संहिताको पालना गरी भूकम्प प्रतिरोधी प्रविधि प्रयोग गरेर बनाइने घरका लागि मात्र सरकारले सहयोग गर्छ।

संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले भवन संहिता निर्माण गरी लागू गर्न नगरपालिका र गाबिसहरूलाई निर्देशन दिइसकेको छ।

पुरानै तरिकाले ढुंङ्गा र माटो प्रयोग गरी कच्ची घर बनाउनेलाई सरकारले आर्थिक सहयोग गर्दैन। तर, प्राविधिकको परामर्शमा परम्परागत प्रविधि प्रयोग गरेर पनि भूकम्प प्रतिरोधी घर निर्माण गर्न सकिन्छ।

सरकारले सहयोग गर्छ वा गर्दैन भन्ने आधारमा नभई कुन प्रविधि प्रयोग गरेर घर बनाउँदा बलियो र सुरक्षित हुन्छ, त्यस आधारमा घर निर्माण गर्नुपर्छ।

शहरी विकास मन्त्रालयले प्राविधिक समिति बनाएर सुरक्षित घरको डिजाइन तयार गरिरहेको छ। भुकम्प प्रतिरोधी घरका सबै नमूना तयार भएपछि केहि समयभित्र नै औपचारिक रुपमा  स्थानीय निकायमा पठाउनेछ।

पदम कुमार मैनाली
प्रवक्ता
संघीय मामिला तथा स्थानीय
विकास मन्त्रालय
९८५१००५२१९

# सवाल

## जिवनपुर, धादिङ

"सरकारले भुकम्प पिडितलाई स्थायी बासको लागि रु. २ लाख दिने भनेको निर्णय हाती आयो, हाती आयो फुस्सा हुने भयो ।"

## मिर्गे, दोलखा

"सरकारले जनतालाई घर निर्माण गर्न रु. २ लाख वितरण गर्छ भनेर भाषण मात्र गरेको हो । यस बर्षको बजेटमा रकम छुट्याएको छैन रे, त्यसैले पाइँदैन भन्ने हल्ला गर्छन् । खास कुरा के हो ?"



# जवाफ

नेपाल सरकारले भूकम्पमा घर भत्किएका परिवारको घर निर्माणका लागि रु. २ लाख आर्थिक सहयोग गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

घर निर्माणको प्रगतिका आधारमा यो रकम किस्ताबन्दीमा उपलब्ध गराइने शहरी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयले यो रकम वितरणको समन्वय गर्छ ।

सोही मन्त्रालयले घर निर्माणका लागि दिइने रु. २ लाख वितरणको कार्यविधी तयार गरेर मन्त्रीपरिषद् कार्यालयमा पेश गरिसकेको छ । यो कार्यविधि स्वीकृत हुने वित्तिकै रकम वितरणको प्रक्रिया शुरु हुनेछ ।

भवन संहिता पालना गरी र भूकम्प प्रतिरोधी घर सम्बन्धित निकायको स्वीकृतिमा आफैंले बनाएमा सरकारले आर्थिक सहयोग गर्छ । भवन संहिता पालना नगरी बनाएको घरका लागि भने सरकारले आर्थिक सहयोग गर्दैन ।

**रामशरण पुडासैनी**
प्रवक्ता
अर्थ मन्त्रालय
०१-४२००५३७

**नारायण निरौला**
लेखा नियन्त्रक
शहरी विकास तथा भवन निर्माण विभाग
०१-४२१६८८४

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन् । भाद्र १७ देखि २४ गतेसम्म स्वयं सेवकहरूले १० जिल्लाका करिब २६० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन् । विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन् ।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data·driven development | Internews